चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्या:१६

मिति: २०८३/०३/२ गते

बैठक प्रारम्भ: १ बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको सोह्रौं बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसि निम्न अनुसारको निर्णयहरू गरियो।

| क.सं. | पद | पदाधिकारीको नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | नगर उप-प्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री वुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुर्दावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घर्ले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंङ्गा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्याः१६

मितिः २०८३/०३/२ गते बैठक प्रारम्भः १ बजे

प्रस्तावहरूः

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. आ व २०८३ ८४ को बार्षिक नीति सम्बन्धमा ।

३. १९ औ नगरसभा सम्बन्धमा ।

४. विविध ।

क. घरजग्गा न्यूनतम मूल्याकंन सम्बन्धमा ।

ख. करार सम्झौता गरी सेवा करारमा लिने सम्बन्धमा ।

ग. योजनाको आइटम भेरिएसन सम्बन्धमा ।

घ. सरुवा सहमती सम्बन्धमा ।

ङ. जिन्सी सामान हस्तान्तरण सम्बन्धमा ।

च. महालेखा परीक्षकको प्रतिवेदन सम्बन्धमा ।

छ. करका दर दायरा सम्बन्धमा ।

ज. चैनपुर ४ नं वडा स्थित पोखरी प्याङकोट माथिल्लो सडक मर्मत सम्बन्धमा ।

झ. आर्थिक सहायता सम्बन्धमा ।

ञ. खराङ हात्तिशुणे पिलुवा दोभान सडक र चैनपुर ७ पुरानो चैनपुर जाने सडक मर्मत सम्बन्धमा

ट. राहत उपलब्ध गराइ शोधभर्ना गर्ने सम्बन्धमा ।

ठ. ब्याडमिन्टन खेल सहयोग सम्बन्धमा ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्याः१६

मितिः २०८३/०३/२ गते

बैठक प्रारम्भः १ बजे

निर्णयहरूः

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८३/०२/५ गते बसेको पन्ध्रौं कार्यपालिका बैठकको समीक्षा गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा आ व २०८३/८४ को बार्षिक नीति आवश्यक छलफल परिमार्जन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको १९ औ नगरसभा तपसिलको स्थान मिति र समयमा गर्ने निर्णय गरियो ।

तपसिल

स्थानः चैनपुर नगरपालिकाको सभाहल ।

मितिः २०८३।०३।१० गते

समयः ९ बजे

निर्णय नं. ४. विविध

क. भूमि प्रशासन कार्यालय चैनपुर बाट प्राप्त च नं १३४६ मिति २०८३।२।२० को पत्रानुसार अनुरोध भइ आएको यस नगरपालिकाको कार्यक्षेत्रभित्रको घर जग्गा रजिष्ट्रेसन पास सँग सम्बन्धित राजश्व असुली आगामि आ व को लागि साविककै न्यूनतम मुल्याकंन कायम गर्ने निर्णय गरियो ।

ख. चैनपुर नगरपालिकाबाट मिति २०८२/१२/२३ गते प्रकाशित विज्ञापन नं ०७/२०८२-०८३ र ०८/०८२-८३ को मिति २०८३/०२/३१ गते संचालन भएको लिखित एवं अन्तर्वार्ता परीक्षामा सफल भएका उमेद्वारहरु मेडिकल अधिकृत प्रिया राई मेचीनगर- ६, झापा र रेडियोग्राफर मिथिलेश चौधरी अग्नीसाइसर कृष्णासवरन- १, ससरी लाई करार सम्झौता गरी करार सेवामा लिने निर्णय गरियो ।

ग. पोखरी मैदाने सडक हुदै प्याङकोट जाने सडक निर्माण काका निर्माण सेवा वाट निर्माणाधीन, आयोजनाको कबोल अंकमा नबढ्ने गरी प्राविधिक प्रतिवेदन बमोजिम प्राप्त भएको सब बेस, बेस, प्राइम कोट, ट्याक कोट, प्रिमिक्स कार्पेट, सोलिड, एमं १५ ढलान, स्टील रिइनफोर्स, प्लम्प फमवर्कको आइटम भरिएन अडर स्वीकृत गर्ने निर्णय गरियो ।

घ. यस कार्यालयमा कार्यरत सब इन्जिनियर सहायकस्तर पाँचौ हमा सुमित्रा खत्री (क स नं २४०१०७) र ले पारिवारीक समस्याको कारण स्थानीय सरकारी सेवा( गठन तथा संचालन) ऐन, २०८० को दफा २४ (४) बमोजिम अन्यत्र सरुवा भइ जान सरुवा सहमती माग गरेको हुँदा सरुवा सहमती दिने साथै



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८२/०८३ को का.पा. बैठक संख्या:१६

मितिः २०८३/०३/२ गते बैठक प्रारम्भः १ बजे

उक्त रिक्त हुने पदमा देवानगञ्ज गाँउपालिका सुनसरीमा सोहि पदमा कार्यारत बेन्जना गुरुङ (क सं नं २४२४९४) ले सरुवा भइ आउन निवेदन पेश गरेको हुँदा आउन सहमती दिने । यस कार्यालयमा अधिकृत आठौं तहमा कार्यरत जनार्दन कोइराला (क स नं २१९६७१) लाइ अन्यत्र सरुवाको लागि स्थानीय सरकारी सेवा( गठन तथा संचालन) ऐन, २०८० को दफा २४ (४) बमोजिम सहमती/सिफारिस गर्ने निर्णय गरियो ।

ङ. चैनपुर नगरपालिकाको आ व २०८२।०८३ को स्वीकृत कार्यक्रम बमोजिम अनुदान, लागत साझेदारी अनुदानमा व्यक्ति तथा संस्थाबाट माग भइ खरिद भएका जिन्सी सामानहरु चैनपुर नगरपालिका कार्यालय वडा कार्यालयबाट सिफारिस भइ आएका व्यक्ति संघ संस्था तथा विद्यालयहरुलाइ हस्तान्तरण गराइएको हुँदा सोको अनुमोदन गर्ने निर्णय गरियो । साथै हस्तान्तरण गर्न बाँकी तोकीएका जिन्सी सामानहरु सिफारीस भइ आएका व्यक्ति तथा संस्थाहरुलाइ हस्तान्तरण गर्न निर्देशन दिने निर्णय गरियो ।

च. महालेखापरीक्षकबाट प्राप्त आ व २०८२।०८२ को प्रतिवेदन अवगत गरियो । सो प्रतिवेदनमा देखिएका असुलउपर गर्ने, प्रमाणपेश गर्ने र अनियमित बेरुजु नियमित गर्ने लागयतका बेरुजु फछ्यौंट प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

छ. आ व २०८३।०८४ मा सुत्रमा आधारित राजश्व प्रणाली संचालन गर्न करका दर एवं दायरमा विस्तार साथै परिमार्जन गरी उक्त प्रणालीमा प्रविष्टी गर्नुपर्ने भएको हुँदा सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरीयो ।

- श्री एलिना श्रेष्ठ — संयोजक
- श्री काली बहादुर लिम्बु — सदस्य
- श्री शान्ती बहादुर कार्की — सदस्य
- श्री धन बहादुर तामाङ (अशोक) — सदस्य
- श्री उज्वल बस्नेत — सदस्य सचिव

ज. चैनपुर ४ नं वडा स्थित पोखरी प्याङकोट माथिल्लो सडक खण्ड अन्तर्गत खेकुवा खोला नजिक मिति २०८३।०२।२६ को अविरल बर्षाको कारण सडक पहिरोले भत्कीएको सडक संलग्न प्राविधिक ल ई बमोजिम मर्मत गर्ने ।

झ. तपसिलबमोजिमका व्यक्ति/संस्थालाइ आर्थिक सहायता दिने निर्णय गरियो ।

| क स | व्यक्ति संस्थाको नाम थर ठेगाना | आर्थिक सहयोग रकम रु | कै |
|---|---|---|---|
| १ | सुस्मा लम्जेल चैनपुर ६ | १५०००० | उपचारको लागि । |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, सखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्याः१६

बैठक प्रारम्भः १ बजे

मितिः २०८३/०३/२ गते

| | | | |
|---|---|---|---|
| २ | हरी बहादुर दर्जी चैनपुर ३ | १०००० | उपचारको लागि । |
| ३ | प्रेम बहादुर कटुवाल चैनपुर ३ | १५००० | आगलागि । |
| ४ | लिला कुमारी खत्री चैनपुर १० | १५००० | |
| ५ | पासाङ शेर्पा चैनुर २ | ३०००० | कृषि फर्ममा क्षतीभएको |
| ६ | चैनपुर ब्याडमिन्टन संघ | ५०००० | |

ञ. खराङ हात्तिशुणे पिलुवा दोभान सडक रु तील लाखमा नवढ्ने प्रविधिक इस्टमेट गरी मर्मत सम्भार कार्य अगाडि बढाउन साथै वडा नं ७ को पुरानो चैनपुर जाने बाटो रु तीस हजारमा नवढ्ने गरी प्रविधिक इस्टमेट गरी मर्मत कार्य अगाडि बढाउने ।

ट. चैनपुर नगरपालिका वडा नं १ स्थित रोशन लिम्बुको घरमा चट्याङ गरी मानवीय क्षति समेत भएको हुँदा नियमानुसार नगरपालिकाबाट राहत उपलब्ध गाराइ सम्बन्धित निकायमा शोधभर्नाको लागि माग गर्ने निर्णय गरियो ।

उल्लिखित निर्णयहरू गर्दै आजको बैठक ६:०० बजे यही अन्त्य गरियो ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।